मिति २०७९/११/०९ गतेको कारोबार राष्ट्रिय दैनिकमा प्रकाशित

# डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड

केन्द्रीय कार्यालयः भरतपुर, चितवन

## एक्काईसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७९/११/०९)

शेयरधनी महानुभावहरू,

यस डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७९ फागुन ८ गते बसेको सञ्चालक समितिको ३२६औं बैठकको निर्णय अनुसार संस्थाको एक्काईसौं वार्षिक साधारण सभा निम्नानुसारका बिषयहरूमा छलफल गर्न निम्न लिखित मिति, समय र स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरूको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा बस्ने मिति, समय र स्थान:**

मिति : २०७९ साल फागुन ३० गते मंगलवार (तदनुसार १४ मार्च, २०२३) ।

समय : विहान ११:०० बजे ।

स्थान : होटल सेभेन स्टार प्रा.लि., सौराहा, चितवन ।

**छलफलका विषयहरू:**

**(क) साधारण प्रस्तावहरू:**

१. अध्यक्षज्यूबाट प्रस्तुत सञ्चालक समितिको एक्काईसौं वार्षिक प्रतिवेदन (आ.व. २०७८/०७९) छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको मिति २०७९ आषाढ मसान्तको वासलात तथा आ.व. २०७८/०७९ को नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण, ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण सहित सम्बन्धित अनुसूचीहरू र नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) बमोजिम तयार गरिएको मिति २०७९ आषाढ मसान्तको वित्तीय विवरणहरू उपर छलफल गरी पारित गर्ने ।

३. सञ्चालक समितिको सिफारिस बमोजिम यस वित्तीय संस्थाको आ.व. २०७८/०७९ को मुनाफा र गत वर्ष सम्मको संचित मुनाफा रकम समेतबाट चुक्ता पुंजीको ११.०५२६३२ प्रतिशतले हुन आउने रकम रू. १५,३३,५५,०८४/७३ (अक्षरेपी पन्ध्र करोड तेत्तिस लाख पचपन्न हजार चौरासी रूपैया र पैसा त्रिहत्तर मात्र) नगद लाभांश (बोनस शेयर र नगद लाभांशमा लाग्ने कर सहित) बितरण गर्न स्वीकृत गर्ने ।

४. आ.व. २०७९/०८० को लेखापरीक्षणको लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (बर्तमान लेखापरीक्षक सुन्दर एण्ड कम्पनी, कम्पनी ऐन, २०६३ को दफा १११(३) बमोजिम पुनः नियुक्ति हुन सक्नु हुने छैन।)

**(ख) विशेष प्रस्तावहरू:**

१. सञ्चालक समितिको सिफारिस बमोजिम यस वित्तीय संस्थाको आ.व. २०७८/०७९ को मुनाफा र गत वर्ष सम्मको संचित मुनाफा रकम समेतबाट चुक्ता पुंजीको १० प्रतिशतले हुन आउने रकम रू. १३,८७,४९,८३३/२८ (अक्षरेपी तेह्र करोड सतासी लाख उनन्चास हजार आठ सय तेत्तिस रूपैया र पैसा अठ्ठाईस मात्र) बराबरको बोनस शेयर बितरण गर्न स्वीकृत गर्ने । साथै, बोनस शेयर जारी गर्दा दशमलब पछिको शेयर (Fraction Share) अंकलाई पछि समायोजन गर्ने गरी यथावत राख्ने ।

२. वित्तीय संस्थाको जारी तथा चुक्ता पुंजी रू. १,३८,७४,९८,३३२/८३ रहेकोमा बोनस शेयर जारी पछि कायम हुने जारी तथा चुक्ता पुंजी रू. १,५२,६२,४८,१६६/११ (अक्षरेपी एक अर्व बाउन्न करोड बैसठ्ठी लाख अठचालिस् हजार एक सय छैसठ्ठी रूपैया पैसा एघार मात्र) पुर्‍याउने बिशेष प्रस्ताव पारित गर्ने र प्रबन्ध–पत्रको दफा (५) को (ख) र (ग) मा आवश्यक संशोधन पारित गर्ने ।

३. डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनको लागि सम्पन्न सम्झौतापत्र, सहमतिपत्र, संयुक्त प्राप्ति (एक्विजिशन) समिति गठन एवं संयुक्त प्राप्ति (एक्विजिशन) समितिलाई आवश्यक कार्य गर्न सक्ने अख्तियार प्रत्यायोजन गर्ने सञ्चालक समितिको निर्णय अनुमोदन गर्ने ।

४. डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनका लागि चल, अचल सम्पत्ति तथा दायित्व मुल्यांकन (Due Diligence Audit) गर्न संयुक्त प्राप्ति (एक्विजिशन) समितिबाट सम्पत्ति र दायित्व मुल्यांकनकर्ता एस.ए.आर.एसोसिएट्स चार्टर्ड एकाउण्टेण्ट्सलाई गरेको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गरेकोमा सञ्चालक समितिको सिफारिस बमोजिम लेखापरीक्षक नियुक्ति र पारिश्रमिक सम्बन्धी निर्णयलाई अनुमोदन गर्ने ।

५ डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनको लागि मुल्यांकनकर्ता एस.ए.आर.एसोसिएट्सबाट प्राप्त सम्पत्ति तथा दायित्व मुल्यांकन प्रतिवेदन (Due Diligence Audit Report) तथा अन्य सम्बद्ध ब्यवस्था समेतका आधारमा संयुक्त प्राप्ति (एक्विजिशन) समितिको सिफारिसमा यस वित्तीय संस्थाको सञ्चालक समितिले स्वीकृत गरे बमोजिम डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडको १ कित्ता शेयर बराबर आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडको १ कित्ता शेयर हुने गरी शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) १:१ (एक कित्ता बराबर एक कित्ता) कायम गरी आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्न स्वीकृति प्रदान गर्ने ।

६. डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनको लागि तथा अन्तिम सम्झौतापत्र (Final Scheme of Arrangement) लगायतका अन्य कार्य गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

७. डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गरे पश्चात् डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडको नामबाट एकीकृत कारोवार गर्ने प्रस्ताव पारित गर्ने ।

८. डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गरे पश्चात प्राप्ति (एक्विजिशन) सम्बन्धी सम्झौता पत्र अनुसार वित्तीय संस्थाको जारी तथा चुक्ता पुंजी वृद्धि हुने हुँदा सो बमोजिम हुने गरी प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्न, हेरफेर गर्न र उपयुक्त ब्यवस्था गर्न सञ्चालक समितिलाई अख्तियारी दिने ।

९. प्राप्ति (एक्विजिशन) पश्चात् यस वित्तीय संस्थाको शेयर संरचना अनुपात (संस्थापक र सर्वसाधारण शेयर) परिवर्तन हुने भएकोले संस्थाको प्रबन्ध–पत्रको दफा (५) को (घ) मा संशोधन गर्ने ।

१०. डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने प्रक्रियामा नेपाल राष्ट्र बैक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायत नियमनकारी निकायको स्वीकृति लिने/अभिलेख गर्ने क्रममा वा पुंजी संरचना वा प्रबन्धपत्र नियमावलीको संशोधन सम्बन्धमा नियमनकारी निकायहरूबाट संशोधन, परिमार्जन तथा थपघट गर्न कुनै निर्देशन प्राप्त भएमा प्राप्त निर्देशन बमोजिम संशोधन परिमार्जन समेतका सम्पुर्ण कार्यहरू गर्न सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

**(ग) विविध:**

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

### साधारण सभा सम्बन्धी अन्य जानकारी

१. यस वित्तीय संस्थाको एक्काईसौ वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०७९ फागुन १९ गते एक दिन शेयर दाखिल खारेज बन्द (Book Close) रहनेछ । मिति २०७९ फागुन १८ गतेसम्ममा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोवार भई नियमानुसार सि.डि.एस.एण्ड क्लियरिङ्ग लिमिटेडवाट राफसाफ समेत भई यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार नविल ईन्भेष्टमेण्ट बैकिङ्ग लिमिटेड, नक्साल, काठमाण्डौमा रहेको शेयर दर्ता कितावमा कायम हुन आएका शेयरधनी महानुभावहरूले मात्र बोनस शेयर र नगद लाभांश प्राप्त गर्न सक्नेछन् ।

२. यस वित्तीय संस्थाको वार्षिक आर्थिक विवरणहरू शेयरधनी महानुभावहरूको सम्बन्धित ठेगानामा हुलाक/कुरियर/ईमेल मार्फत पठाइनेछ । यदि प्राप्त नभएमा यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय/कर्पोरेट कार्यालय वा संस्थाको वेब साईट www.ddbank.org.np बाट उक्त विवरणहरू प्राप्त गर्न सकिनेछ ।

३. सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरूले अनिवार्य रूपमा शेयर अभौतिकीकरण गरेको विवरण (BOID Statement)/शेयर प्रमाणपत्र वा आफ्नो परिचय खुल्ने प्रमाणपत्र साथमा लिई आउनु हुन अनुरोध छ ।

४. नावालक तथा अशक्त शेयरधनी महानुभावहरूको तर्फबाट वित्तीय संस्थाको शेयर लगत कितावमा संरक्षकको रूपमा नाम दर्ता रहेका ब्यक्तिले मात्र भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछ ।

५. सभामा भाग लिनु हुने शेयरधनी महानुभावहरूको लागि हाजिर पुस्तिका सभा हुने दिन र स्थानमा बिहान १० बजेबाट सभा सम्पन्न नभएसम्म खुल्ला रहनेछ । शेयरधनी महानुभावहरूले सभा शुरू हुनु भन्दा पहिले नै सभामा उपस्थित भई हाजिर पुस्तिकामा दस्तखत गरिदिनु हुन अनुरोध गरिन्छ ।

६. प्रोक्सी मार्फत भाग लिन चाहने शेयरधनी महानुभावहरूले सम्बन्धित समुहको शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नेछन् र यस्तो प्रोक्सी फारम साधारण सभा शुरू हुनुभन्दा ९६ घण्टा अगावै यस वित्तीय संस्थाको कर्पोरेट कार्यालयमा दर्ता गरेकोलाई मात्र मान्यता दिईनेछ ।

७. अन्य जानकारीको लागि यस वित्तीय संस्थाको कर्पोरेट कार्यालय सितापाईला, काठमाण्डौको फोन नं. ०१-५३८८६५० मा सम्पर्क गर्न हुन अनुरोध छ ।